कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २६ | वि.सं. २०८१ | बैशाख | २७ | बिहिवार | नेपाल संवत: ११४४, | वैशाख शुक्ल प्रतिपदा | Thursday | 9 | May. | 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

कर्णाली प्रदेश सभा

# तेस्रो हिउँदे अधिवेशन उपलब्धिविहिन भत्तामै तीन लाख ८४ हजार खर्च




**संसदमा विजनेश नै नभएपछि कतिपय सांसदहरूले अधिकांश बैठकमा उपस्थित पनि जनाएनन् । बैठकमा खाली हाजिर लगाउने मात्रै काम हुने, विजनेश र पोलिसीका विषयमा छलफल नहुने गरेपछि अधिकांश सांसदहरू बैठकमै उपस्थित नभएको बताउँछन् ।**

**◣नन्दराम जैशी**
**सुर्खेत, २६ वैशाख ।**

कर्णाली प्रदेश सभाको तेस्रो हिउँदे अधिवेशन उपलब्धिविहिन भएको छ । जम्मा ११ वटा बैठक बसेको हिउँदे अधिवेशन कानून निर्माणको हिसाबले उपलब्धिविहिन रहेको हो । यो हिउँदे अधिवेशनबाट सांसदहरुले एउटा पनि विधेयक पारित गर्न सकेनन् ।

सामान्यतया हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रुपमा पनि लिने गरिन्छ । तर यो अधिवेशनबाट एउटा पनि विधेयक पारित गर्न नसकेपछि प्रदेश सभा सदस्यहरुप्रति आलोचना समेत बढेको छ ।

हिउँदे अधिवेशन अन्तर्गत चैत महिनामा सबैभन्दा बढी ६ वटा बैठक बसेका थिए । त्यस्तै बैशाख महिनामा चार र फागुनमा एक वटा बैठक बसेका थिए । यी सबै बैठक कानून निर्माणमा भन्दा सृजित राजनैतिक घटनाक्रम र विद्यमान सामाजिक, प्राकृतिक घटनाक्रम बारे छलफलमै केन्द्रित भए ।

तेस्रो हिउँदे अधिवेशनमै मुख्यमन्त्री यामलाल कँडेलले विश्वासको मत लिएका थिए भने प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, विषयगत समितिमा विचाराधीन अवस्थामा छन् । फागुन १५ गते कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसमेत सचिवालयमा दर्ता छ । तेस्रो अधिवेशनको पहिलो बैठक फागुन ३० गते बसेको थियो भने वैशाख १७ गते अधिवेशन अन्त्य भयो । हिउँदे अधिवेशन उपलब्धिहिन रहेपनि सांसदहरूले भने प्रतिबैठक एक हजार रुपैयाँ भत्ता बुझेका छन् । बैठकमा सहभागी भए पश्चात सांसदहरुले कानुनले दिएको सेवा उपभोग गरेका हुन् । तर यो ११ बैठकमा उपस्थित सांसदको भत्तामा मात्रै तीन

▶▶ बाँकी ३ पेजमा

## सांसदकै प्राथमिकतामा छैन संसद बैठक

विशेष परिस्थिति बाहेक अन्य समयमा सांसदले बैठकमा अनिवार्य सहभागिता जनाउनुपर्ने हो । तर कर्णाली प्रदेश सभा अन्तर्गत तेस्रो अधिवेशन (हिउँदे अधिवेशन) को हाजिर हेर्दा सांसदहरू बैठकमा कमैमात्र उपस्थित हुने गरेको पाइन्छ ।

४० सदस्यीय प्रदेश सभामा १९ जना सांसद मात्रै हिउँदे अधिवेशनको सबै बैठकमा उपस्थित भएका छन् । बाँकी सांसदहरुको उपस्थिती हेर्दा सांसदहरुकै प्राथमिकतामा संसद परेको देखिँदैन ।

हिउँदे अधिवेशनमा चैत महिनामा सबैभन्दा बढी ६ वटा बैठक बसे भने वैशाखमा चार र फागुनमा एक बैठक बसेका थिए । फागुन ३० गते बसेको पहिलो बैठकमा एक सांसद बाहेक अरु सबै उपस्थित थिए । तर यो अवधिमा एउटा पनि कानून निर्माण भएन ।

प्रदेश सभा बैठकमा उपस्थित हुन नसक्दा सामान्यतया आफ्नो संसदीय दलमा जानकारी गराउने अभ्यास छ । तर कतिपय सांसदले उपस्थिति नहुने बारे दलमा समेत जानकारी नगराउने चलन रहेको दलका सचेतकहरू बताउँछन् ।

संसदमा उपस्थित हुनेहरु मध्ये एमाले संसदीय दलका नेता तथा हालका मुख्यमन्त्री यामलाल कँडेल, सांसदहरु कलबहादुर हमाल, जीत बहादुर मल्ल र शेर बहादुर बुढा हिउँदे

▶▶ बाँकी ३ पेजमा

# उच्च अदालतमा कानून दिवस मनाईयो



**◣युग संवाददाता**
**सुर्खेत, २६ वैशाख ।**

उच्च अदालत सुर्खेतको आयोजनामा कानून दिवस-२०८१ विविध कार्यक्रमवीच मनाइएको छ । यस वर्ष ७२ औं कानून दिवसको अवसरमा शुभकामना आदानप्रदान, अदालत प्राङ्गण सरसफाई, हाताभित्र वृक्षारोपण, वीरेन्द्रनगर नगर अस्पतालसम्म प्रभातफेरी कार्यक्रमसहित अस्पतालमा रहेका बिरामीहरुलाई फलफूल वितरण गरी मनाइएको छ ।

उक्त कार्यक्रममा उच्च अदालत सुर्खेतका माननीय बरिष्ठतम् न्यायाधीश कृष्णलाल भट्टराई, न्यायाधीश खड्कबहादुर के.सी., न्यायाधीश माधव धिताल, कर्णाली प्रदेशका मुख्य न्यायाधीवक्ता कृष्णबहादुर हमाल, उच्च अदालत सुर्खेतका रजिष्ट्रार विश्व जंग सिजापति, सहन्यायाधिवक्ता रुद्रप्रसाद पन्थीको उपस्थिति रहेको थियो ।

त्यसैगरी जिल्ला अदालत सुर्खेतका न्यायाधीश द्वय मनोज श्रेष्ठ र हिरण्यप्रसाद भण्डारी, प्रमुख जिल्ला अधिकारी हरिशंकर आचार्य, कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक लालमणी आचार्य, वरिष्ठ अधिवक्ताहरु, उच्च अदालत बार इकाई तथा जिल्ला अदालत बार इकाईका अध्यक्षहरु एवं कानून व्यवसायीहरु, जिल्लास्थित विभिन्न कार्यालयका प्रमुखहरु, नागरिक समाजका प्रतिनिधिहरु तथा उच्च अदालतका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

देशका नागरिकहरुलाई अनुशासित एवं भय रहित तवरबाट जीवन यापन गर्न आधार प्रदान गर्ने राज्यको अपरिहार्य तत्व कानून हो । स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका आधारको रुपमा रहेको प्रधान न्यायलय ऐन, २००८ जारी भएको विशेष दिन मिति २००९ बैशाख २६ गते लाई स्मरण गर्दै हरेक वर्ष बैशाख २६ गते विभिन्न कार्यक्रमहरु गरी कानून दिवस मनाइदै आइरहेको छ ।

कानूनको शासन, स्वतन्त्र न्यायपलिका तथा शक्ति पृथकीकरणको मूल्य मान्यता प्रति पूर्ण प्रतिबद्ध हुँदै न्यायीक पद्धति र न्यायपालिकाको संस्थागत सुधार मार्फत नागरिकका हक अधिकारको संरक्षण गर्ने कोसेढुङ्गा रुपमा रहेको उक्त दिनको महत्व आज पर्यन्त उत्तिकै रहेको छ ।



## सम्पादकीय....

# अप्ठ्यारोमा नेपाली सेना र कुशलता

सडकको ट्र्याक खोल्न सुरु गरेको झण्डै एक दशकपछी हुम्ला जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ। भौगोलिक रुपमा कठिन तथा चुनौतिपूर्ण स्थानहरु भएको हुम्लामा यातायातका साधन चल्न समय लागे पनि सडक सञ्जाल विहिन हुम्ला भन्ने ट्र्याग चाही अब हटेको छ। ट्र्याक खोल्ने जिम्मा लिएको नेपाली सेनाले हुम्ला जिल्लालाई राष्ट्रिय सडक सञ्जालसंग जोडेको छ। सिङ्गो देश र हामी कर्णालीबासीका लागी यो गौरवपूर्ण कुरा हो। भौगोलिक विकटताका कारण यो कुरा असाध्यै चुनौतीपूर्ण र ठेकेदारका तर्फबाट गर्न नसक्ने भएकै कारणले नेपाल सरकारले यो ट्र्याक खोल्ने जिम्मा नेपाली सेनालाई दिएको थियो। नेपाली सेनाले जिम्मा लिएको अन्य ठाउँको जस्तै हुम्लालाई राष्ट्रिय सडक सञ्जालसंग जोड्ने कामको जिम्मा पनि नेपाली सेनाले कुशलतापूर्वक गरेको छ।

कर्णाली करिडोर नेपाल, भारत र चीन जोड्ने त्रिदेशिय सडक सञ्जाल पनि यहि हो। नेपाली सेनाका देशको रक्षादेखी लिएर बिरामीको उद्धार, सुत्केरी उद्धार, विपद्मा उद्धारका साथ साथै ठेकेदारले कयौं पटक काम गर्न नसक्ने भएर सम्झौता तोडेका पूर्वाधार निर्माणका कामहरु समेत नेपाली सेनाले कुशलतापूर्वक सम्पन्न गरेका थुप्रै उदाहरण छन्। देशको रक्षा, सिमा सुरक्षाको रक्षादेखी हर अप्ठ्यारामा उपस्थित हुन्छ नेपाली सेना जसका कारण देशको सिर उच्च रहन्छ भने अकालमा मृत्युको मुखबाट सुत्केरी र विपद्मा उद्धारको पर्खाईमा रहेकाहरुले नयाँ जीवन पाउँछन्। यि नेपाली सेनाका आम नागरिकका लागी गौरवका कामहरु हुन। भारतको सिमाना लुम्बिनीको बाँके अन्तर्गत जमुनाहदेखी चीनको सिमाना हिल्सासम्मको दुरी पाँच सय किलोमिटर पर्दछ। यो सडक बाँकेको जमुनाहदेखी सुर्खेत, कालीकोट, सुदुरपश्चिमको बाजुरा, हुम्ला सदरमुकाम सिमकोट हुँदै चीनको सिमाक्षेत्र हिल्सासम्म पुग्छ।

सुर्खेतको सदरमुकाम वीरेन्द्रनगरदेखी चार सय उन्नाईस किलोमिटरको दुरीमा चिनको हिल्सा नाका पुगिन्छ। यस्तो राष्ट्रिय गौरवको आयोजनाको काम सरकारले चाहेर नगरेको पनि थिएन तर कर्णालीको भौगोलिक विकटताका कारण ठेकेदारले समेत काम गर्ने आँट नगरेका यि र यस्ता कामहरुमा नेपाली सेनाले जिम्मा पाएका सुर्खेत जाजरकोट सडक खण्ड, सुर्खेत जुम्लाका केही भुभाग लगायतका ठाउँमा नेपाली सेनाले कुशलतापूर्वक सडक बनाउने काम गरेका ईतिहाँस ताजै छन्। नेपाली सेनालाई यि र यस्ता अन्य विकास निर्माणका कामहरुमा लगाउनुपर्छ भन्ने बुद्धि कहिले पलाउला नेतृत्वमा ?

नेपाली सेनाले जिम्मा लिएर काम गर्न सकिएन भनेर हात खडा गरेको कुनै ईतिहाँस छैन बरु आम नेपालीका छोराहरुले बलिदान दिएका छन् तर सक्दैनौ भनेर सलेण्डर गरेका छैनन्। त्यसै बिर गोर्खाली बनेका पनि त हैनन् नि हैन र ? यस्तो रहर लाग्दो र भर लाग्दो युवा जमात भएको नेपाली सेनालाई यतिमै सिमित गर्नुहुन्न। देशमा हुने विकास पूर्वाधार निर्माणका कामलाई ठेक्कामार्फत होईन बिदेश जान भिषा लगाउन जाने युवालाई नेपाली सेनाको पूर्वाधार निर्माण कार्यदल खडा गरेर सोही मार्फत काम गर्ने वातारण सरकारले बनाएर देशकै र सरकारका आफ्नै जनशक्ति बनाएर सबै आफैले निर्माण गरेमा देशको बिकास १० वर्षमा सोचेभन्दा कयौं गुणा बढी बिकास हुन्छ। तर टुक्रा टुक्रा पारेर देश निल्न पल्केका नेताहरुले यो हुन दिनेवाला भने छैनन। कोही यो विषयमा सोच्ने सपुत जन्मियोस् नेपाल आमाको कोखबाट। जसले युवालाई खाडीमा बेच्ने होईन कि आफ्नै देशमा बसेर आफ्नै देशप्रती गौरभान्वित हुन सकुन हर नेपाल आमाका सन्तानहरु। जय देशभक्त नेपाली, राष्ट्रसेवक नेपाली सेना।

## विश्व

# म्यानमामा विस्थापितहरूको सङ्ख्या ३० लाख : राष्ट्रसङ्घ

**याङ्गुन, २६ वैशाख**

म्यान्मामा विस्थापित व्यक्तिहरूको सङ्ख्या तीस लाख पुगेको संयुक्त राष्ट्रसङ्घले बताएको छ। यीमध्ये अधिकांश सेनाको सन् २०२१ को विद्रोहबाट सुरु भएको द्वन्द्वका कारण आफ्नो घर छोड्न बाध्य भएका छन्। लोकतन्त्रको अल्पकालीन प्रयोगपछि आङ सान सु कीको सरकारलाई पतन गराउने विद्रोहपछि करिब २७ लाख पलायन भएका छन्।

यो सैन्य विद्रोहले स्थापित जातीय सशस्त्र समूहहरूसँग नयाँ झडप सुरु गऱ्यो र दर्जनौं 'पिपुल्स डिफेन्स फोर्सेस' बललाई जन्मायो। तिनीहरूलाई दबाउन सेना असफल भएको छ। म्यान्मा सन् २०२४ मा गहिरो मानवीय सङ्कटको मुखमा छ', राष्ट्रसङ्घीय आवासीय संयोजकले सोमबार जारी गरेको विज्ञप्तिमा बताएका छन्।

विज्ञप्तिअनुसार विस्थापित मध्ये एक तिहाई बालबालिका रहेको अनुमान गरिएको छ। गत वर्षको अन्त्यदेखि जातीय सशस्त्र समूहहरूको गठबन्धनले उत्तरी शान राज्यमा आक्रमण सुरु गरेपछि तीस लाखमध्ये करिब आधा विस्थापित भएको विज्ञप्तिमा उल्लेख छ।

आक्रामक कारवाहीले र चीन सीमामा धेरै क्षेत्र र लाभदायक व्यापार क्रसिङलाई कब्जा गरेको छ। यसले सत्ता कब्जा गरेपछि जुन्ताका लागि सबैभन्दा ठूलो खतरा सिर्जना गरेको छ। म्यान्माको सीमावर्ती क्षेत्रमा जातीय सशस्त्र समूहहरूको बाहुल्य छ। तीमध्ये धेरैले सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएपछि स्वायत्तता र आकर्षक स्रोतहरूको नियन्त्रणलाई लिएर सेनासँग लडिरहेका छन्।

संयुक्त राष्ट्र सङ्घले विशेषगरी मे-जुन चक्रवातको मौसमअघि राहत कार्यमा गम्भीर आर्थिक अभावले बाधा पुऱ्याइरहेको बताएको छ। गत वर्ष चक्रवात मोचाले पश्चिमी म्यान्माको रखाइन राज्यमा प्रहार गरेको र कम्तीमा एक सय ४८ जनाको ज्यान गएको थियो।

# शाही मानहानिको आरोपमा थाई लोकतन्त्र समर्थकलाई कारागार सजाय

**बैङ्कक, २६ वैशाख**

थाइल्यान्डको एक अदालतले बुधबार शाही मानहानिको आरोपमा एक प्रख्यात लोकतन्त्र समर्थक कार्यकर्तालाई तीन वर्षको कारागार सजाय सुनाएको छ। सरकारले राजा महा वजिरालोङ्गकर्न तथा उनको परिवारको रक्षा गर्ने कठोर कानूनअन्तर्गत धेरै मानिसमाथि मुद्दा चलाएर असहमतिलाई दबाउन कठोर लेज-मेजेस्टे कानूनको प्रयोग गरेको आलोचकहरूले बताएका छन्।

सन् २०२० मा युवाहरूको नेतृत्वको प्रदर्शनका नेताहरूमध्ये २७ वर्षीय पनुपोङ जादनोक पनि एक थिए। राजतन्त्रमा सुधारका लागि अभूतपूर्व आह्वान गर्न हजारौं मानिस सडकमा उत्रिएका थिए।

थाई लयर्स फर ह्युमन राइट्सका एक प्रतिनिधिले उहाँलाई सन् २०२० मा राजासँग सम्बन्धित सामाजिक सञ्जाल पोस्टका लागि दोषी ठहर गरिएको बताए। 'बैंककको आपराधिक अदालतले सुरुमा पनुपोङलाई चार वर्षको कारागार सजाय सुनाएको थियो तर पछि उनको उपयोगी साक्षीका लागि त्यसलाई घटाएर तीन वर्षमा झारियो।'

## १० औं राष्ट्रिय खेलकुदले

# खेलकुद मन्त्री र सदस्यसचिवको परीक्षण



✍ टीएस ठकुरी



अढाई दशकअघि बृहत् राष्ट्रिय खेलकुदको चौथो संस्करण नेपालगञ्जमा हुँदा सुर्खेतका निरक केसी साविकको मध्यपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिमा अध्यक्ष थिए। अनि, सुर्खेतकै पूर्णबहादुर खड्का युवा तथा खेलकुदमन्त्री। नेपालगञ्ज खेलप्रेमी उद्योगी रतन टण्डनले सम्पूर्ण खेलाडी तथा अफिसियलको आवास तथा भोजनको व्यवस्थापन आफ्नो निजी खर्चमा गरिदिने जिम्मेवारी लिएपछि १३ वर्ष अवरुद्ध राष्ट्रिय खेलकुदले निरन्तरता पाएको थियो।

विकास क्षेत्रको संरचनामा गएपछि पहिलोपटक राष्ट्रिय खेलकुद आयोजनाको अवसर नेपालगञ्जले पायो, यस अर्थमा रतन टण्डनका कारण नेपालगञ्ज भाग्यमानी शहर बन्यो। नेपालगञ्जले दोस्रोपटक २०७५ मा आठौं संस्करण पनि विवादरहित ढंगले सम्पन्न गऱ्यो। यस अर्थमा दुई संस्करण निर्विवाद सम्पन्न गर्ने खेलकुदको शहर हो, नेपालगञ्ज।

अहिले प्रादेशिक संरचनामा गएपछि साविकको मध्यपश्चिमको मुकाम वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी शहर बनेको छ, जहाँ १०औं बृहत् राष्ट्रिय खेलकुदको आयोजना हुँदै छ। भूगोलका हिसाबले हेर्दा चौथो, आठौं र दशौं गरी सर्वाधिक तीन संस्करण गर्ने क्षेत्र साविकको मध्यपश्चिम बन्नेछ।

सुर्खेतसँग राजा वीरेन्द्र शाहको साइनो पनि जोडिन आउँछ। राजा वीरेन्द्रले नै योजनाबद्ध यो शहरको परिकल्पना गरेको भनिन्छ। सोही कारण शहरको नाम नै वीरेन्द्रनगर छ। राष्ट्रिय खेलकुदसँग पनि उनै राजा जोडिन्छन्। उनकै इच्छामा २०३८ सालमा सुरु भएको राष्ट्रिय खेलकुद वीरेन्द्रनगरमा हुनु अर्को संयोग पनि हो।

पहिलो खेलकुद (२०३८, काठमाडौं), दोस्रो (२०४०, पोखरा) र तेस्रो (२०४२, वीरगञ्ज) मा १४ अञ्चलले भाग लिएका थिए। चौथोदेखि पाँच विकास क्षेत्रको टिम र विभागीय टिम (पुलिस र सेना) ले भाग लिने व्यवस्था गरियो। नेपालगञ्जमा यी सात टिमबाट १ हजार ६ सय ३५ जनाले १२ खेलमा स्पर्धा गरेका थिए।

अहिले सात प्रदेश, तीन विभागीय टिम र एउटा एनआरएन टिम गरी ११ टिम दशौं राष्ट्रिय खेलकुदमा सहभागी हुनेछन्, जसको स्वागतको तयारी कर्णालीले गरिरहेको छ।

अढाई दशकअघिको नेपालगञ्जभन्दा अहिले सुर्खेत वीरेन्द्रनगरको विकासको फैलावट निकै फराकिलो छ। प्रादेशिक राजधानी हुनुको लाभ वीरेन्द्रनगरले पाएको हो। दशौं बृहत् राष्ट्रिय खेलकुदको आयोजक शहर वीरेन्द्रनगरसँग अत्याधुनिक खेलकुद संरचनादेखि भव्य निजी आवास एवं स्तरीय सामुदायिक भवनहरू छन्।

देशको छैटौं पुरानो शहर नेपालगञ्जसँग सडक सञ्जालले जोडेको सबैभन्दा नजिकको प्रदेश राजधानी शहर वीरेन्द्रनगरले खेल इतिहासमा पहिलोपटक पाएको अवसरलाई समयमै गर्ने सवालमा सम्भवतः कुनै पनि मूल्य चुकाउन चाहँदैन। निर्धारित समयमै भव्य रूपमा आयोजना गरी कर्णालीले राष्ट्रिय खेलकुद गर्न सक्ने क्षमता र सामर्थ्य देखाउनुपर्नेछ, त्यो नै संघीय लोकतान्त्रिक गणतन्त्रपछि देशकै पिछडिएको क्षेत्र कर्णालीले हासिल गरेको उपलब्धि हुनेछ। यसले कर्णालीको मात्र होइन, युवा नेतृत्वको सही परीक्षण पनि गर्नेछ।

अहिले युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठदेखि राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ एवं कर्णाली प्रदेशका सदस्यसचिव विश्वमित्र (बीएम) सञ्ज्याल तीनै जना युवा छन्। तसर्थ, युवा नेतृत्व र कर्णालीको प्रादेशिक सामर्थ्य दुवैका लागि परीक्षणको सही समय यही हो।

प्रदेश सदस्यसचिव सञ्ज्याल कुनै पनि मूल्यमा दशौं राष्ट्रिय खेलकुद निर्धारित समयमै गर्न प्रतिबद्ध छन्। उनको अहोरात्र काम गर्ने शैलीमा शंका गर्ने ठाउँ छैन। राखेप सदस्यसचिव घिसिङ पनि आफ्नो कार्यकालमा राष्ट्रिय खेलुकदका दुई संस्करण गरेर इतिहास रच्ने दाउमा छन्। युवा तथा खेलकुदमन्त्री श्रेष्ठले यसमा मुख खोलेका छैनन्। खेलकुदको राष्ट्रिय पर्व भएकाले यसको छिनोफानो मन्त्री परिषदले गर्नुपर्छ, जसका लागि मन्त्री श्रेष्ठ अग्रसर हुनैपर्छ। मन्त्री श्रेष्ठका लागि पनि यो सुनौलो अवसर हो। किनकि, बृहत् राष्ट्रिय खेलकुदको नेतृत्व गर्ने मौका कमै मन्त्रीले पाउँछन्। यस अर्थमा राखेप र प्रदेश खेलकुदलाई सही कमान्ड गर्न सके मन्त्री श्रेष्ठका लागि यो काम देखाउने अवसर पनि हो। चौथो राष्ट्रिय खेलकुद गर्दा नेपालगञ्जको अवस्था अहिलेको वीरेन्द्रनगरको तुलनामा निकै नाजुक थियो। खेलकुद संरचनादेखि बसोबासको व्यवस्थाका लागि नेपालगञ्जलाई निकै सकस परेको थियो। ८ चैत २०५५ मा उद्घाटन गरिएको चौथो राष्ट्रिय खेलकुदमा १२ खेलमा १ हजार ६ सय ३५ खेलाडीलाई बसोबासका लागि धर्मशाला, ससाना होटल र स्कुलका कक्षाकोठा व्यवस्था गरिएको थियो। स्कुलका झ्यालढोका मर्मत गरेर बस्नयोग्य बनाइएका थिए। स्कुलहरू सात दिनसम्म बिदा गरिएको थियो। तैपनि, गर्मी र लामखुट्टेबाहेक अन्य गुनासो खासै सुन्न परेन। भोजनका लागि टण्डन राइस मिलको चौरमा बडेमानको टेन्ट लगाइएको थियो।

अन्तर्राष्ट्रिय प्रतियोगिताको झल्को दिने गरी ओलम्पिक भिलेजजस्तै आवास तथा भोजनको व्यवस्था गरिएको थियो। सबै टिमका खेलाडी र अफिसियललाई खानाको बन्दोबस्त गरिएको थियो। लखनउबाट कालीगढ ल्याएर खाना तयार गराइएको थियो। २० वर्षपछि २०७५ को आठौं खेलकुदमा त नेपालगञ्ज समृद्ध शहर भइसकेको थियो। त्यसैले नेपालको खेलकुद मेला व्यवस्थापनका दृष्टिले अहिलेसम्मकै उत्कृष्ट मानिन्छ।

मुख्य कुरा नेपालगञ्जमा भएका दुवै संस्करण विवादरहित रहे। सुरुवातका तीन संस्करणबाहेक हरेक राष्ट्रिय खेलकुद विवादरहित बन्न सकेका छैनन्। यो तीतो यथार्थ हो। यद्यपि नेपालगञ्ज आयोजक बन्दा आलोचनाका शब्दहरू पढिएको छैन। यो नै नेपालगञ्ज एवं साबिक मध्यपश्चिमको सवल पक्ष हो। सुर्खेतसँग पनि साविक मध्यपश्चिमको दिग्गज टिम छ, यसले आलोचनारहित राष्ट्रिय खेलकुद सम्पन्न गर्ने सामर्थ्य राख्छ। यसका लागि अहिलेदेखि नै गृहकार्य गर्न जरुरी छ।

यसअघि नवौं राष्ट्रिय खेलकुद आयोजनामा पोखरा भौतिक पूर्वाधारलगायत सुविधासम्पन्न हुँदाहुँदै पनि विवादरहित बन्न सकेन। किनकि, काम गर्ने परिपाटी पुरानै थियो। अहिले मुलुक संघीय संरचनामा गइसकेको छ। यतिबेला हरेक प्रदेश एवं शहरले अपनत्व लिनुपर्ने हुन्छ। नवौंका सवालमा राष्ट्रिय खेलकुद परिषद् चुकेकै हो। त्यो कमजोरीलाई सच्याएर सदस्यसचिव टंकलाल घिसिङलाई पनि निर्धारित समयमै दुई खेलकुद गर्ने अवसर छ। आयोजनाको सम्पूर्ण जिम्मेवारी प्रदेशलाई प्रत्यायोजन गरेर राखेपले अनुगमनको पाटो मात्र हेर्ने व्यवस्था गरियो भने कर्णाली आफ्नो सामर्थ्य देखाउन पक्कै सफल हुनेछ।

करिब २ अर्ब रुपैयाँ लागतका इतिहासकै सुविधासम्पन्न खेलकुद संरचना तयार हुँदै छन्। राखेपमै लामो समय इन्जिनियरिङ विभागमा काम गरेको अनुभवलाई राम्रैसँग सदुपयोग गरेका छन् कर्णालीका सदस्यसचिव सञ्ज्यालले। उनले एक प्रकारले कर्णालीमा खेल संस्कृतिको माहौल खडा गरिरहेका छन्। कुनै पनि खेलका लागि काम गर्न सहज छ भने त्यो कर्णालीमा छ। यस अर्थमा सञ्ज्यालले इतिहासमा सुनौलो अक्षरले नाम लेखाइसके। बितेका चार वर्षमा सञ्ज्यालको काम गर्ने शैली तथा उनको मिसन, भिजन हेर्दा यति भन्न सकिन्छ- उनलाई दशौंको सम्पूर्ण अभिभारा सुम्पिएको खण्डमा समन्वय गरेर विवादरहित तरिकाले सम्पन्न गराउन सक्छन्।

सिङ्गो कर्णाली प्रदेश सरकारले राष्ट्रिय गौरवको योजनाका रूपमा अगाडि सारेर राष्ट्रिय खेलकुदको अपनत्व ग्रहण गरिसकेको छ। यसले पनि सिङ्गो कर्णाली खेल आयोजनाका सवालमा एकढिक्का छ भन्न सकिन्छ। राष्ट्रिय खेलकुदको मर्मअनुसार, अधिकांश खेल एउटै भेन्युमा केन्द्रित गरेर सञ्चालन गर्ने तयारी गर्नुपर्छ। देशभरबाट आउने खेलाडी अफिसियललाई एक ठाउँमा भेला हुने वातावरण तयार गरेर राष्ट्रिय एकता, आपसी सद्भाव र मैत्रीपूर्ण भावनाको विकास हुने उद्देश्यले राष्ट्रिय खेलकुदजस्ता इभेन्ट कुनै शहरलाई आयोजक बनाएर दिने गरिन्छ।

नेपालमा राष्ट्रिय खेलकुदको आरम्भ गर्नुको उद्देश्य पनि राष्ट्रिय एकता, आपसी भाइचारा र अनुशासित जनशक्ति उत्पादन गर्नु थियो। राष्ट्रिय खेलकुदको परिकल्पनाकार तत्कालीन सदस्यसचिव शरदचन्द्र शाह हुन्।

योग्यता र क्षमताका हिसाबले शरदचन्द्र शाह असाधारण क्षमताका थिए भन्नेहरू अहिले पनि खेलकुदमा भेटिन्छन्। हक्की, निडर र सिर्जनशील क्षमताका धनी शरदचन्द्र शाहकै कारण बृहत् राष्ट्रिय खेलकुद जन्मिएको हो। २०३८ सालदेखि सुरु बृहत् राष्ट्रिय खेलकुदको आयोजनासँगै नेपाली खेलकुदले नयाँ दिशा लिएको हो। खेलाडीहरू खेलको विशिष्टीकरणतर्फ लागे। नेपाली खेलकुद विकासको आधारस्तम्भ भनेकै वास्तवमा बृहत् राष्ट्रिय खेलकुद नै हो। उनैले त्यसको अगुवाइ गरे। बृहत् प्रतियोगिताको आयोजनाले नेपाली खेलकुदमा ठूलो हलचल ल्याइदियो, एक प्रकारको क्रान्ति नै ल्यायो। त्यसको जगबाट अहिलेको अवस्थामा आएको हो नेपाली खेलकुद। तर विडम्बना, प्रतियोगिता आरम्भको चार दशकमा २० वटा संस्करण पूरा गरिसक्नुपर्ने बृहत् खेलकुदले नौवटा संस्करण मात्र पार गरेको छ।

हरेक दुई वर्षमा फरक अञ्चलमा आयोजना गर्दा २८ वर्षमा अति पिछडिएको कर्णालीले पनि आयोजनाको अवसर पाउनेछ र भौतिक पूर्वाधार निर्माण हुनेछ भन्ने तत्कालीन नेतृत्वको दूरदृष्टि थियो। ढिलो भएको पक्कै हो, तर कर्णालीको एउटा सपना पूरा हुने चरणमा आइपुगेको छ। तोकिएकै समयमा १० औं राष्ट्रिय खेलकुद सफलतापूर्वक सम्पन्न गरेर खेलकुदको विकासमा कर्णालीको मूलप्रवाहीकरण गर्ने बेला आएको छ। सिङ्गो कर्णाली प्रदेशको अहिलेको प्रधान दायित्व र जिम्मेवारी पनि त्यही हो।

*(शिलापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आज आँटेको र ताकेको कार्य पुरा होला। प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**वृष** — आज शुभ कार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनेछ कष्टकर यात्राका साथै मन कमजोर रहला। आँटेको काममा अवरोध आउनसक्छ।

**मिथुन** — भाग्यले साथ दिनेछ। रोकिएका अधुरा कामहरू पुरा हुनेछन्। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। आफन्तसँग भेटघाट पनि हुनेछ।

**कर्कट** — आज लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ। अरूको भर नपरी सही निर्णय लिन सके थप सफलता र अवसर प्राप्त होला।

**सिंह** — अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला। अल्छीपना पनि बढ्नेछ।

**कन्या** — आज कुनै कुरामा वैचारिक मतभेद सिर्जना हुनसक्छ। सानातिना समस्यामा अल्झनुपर्नेछ। पारिवारिक समस्या पनि बढ्न सक्छ।

**तुला** — आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन्। अरुलाई प्रभावित पारेर काम बन्नेछ। लाभदायी यात्रा पनि हुनेछ।

**वृश्चिक** — आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। नजिकको व्यक्तिबाट सहयोग पाइनेछ।

**धनु** — आज बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ। धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। साङ्गीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ।

**मकर** — आज समयलाई मध्यनजर गर्दै काम गर्नुपर्छ नत्र समस्या बढ्न सक्छ। नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ।

**कुम्भ** — आज समयलाई मध्यनजर गर्दै काम गर्नुपर्छ नत्र समस्या बढ्न सक्छ। नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ।

**मीन** — आज रमाइलो यात्राको योग रहेको छ। आफन्तबाट सहयोग प्राप्त हुनेछ। नयाँ कार्यको थालनी हुनेछ। पढाइ लेखाइमा प्रगति हुनेछ।

# सामुदायिक विद्यालयमा स्कुल बस

**युग संवाददाता**
**सुर्खेत, २६ वैशाख ।**

सल्यान, कालीकोट, र हुम्लाका दुई विद्यालयले पहिलो पटक स्कुल बस सेवा शुरु गरेका छन् । सल्यान, कालीकोट र हुम्लाको एक/एक विद्यालयले स्कुल बस सहयोग पाएका छन् । सल्यानको कुमाख गाउँपालिका-२ रुमालगाउँस्थित नारायण माध्यमिक विद्यालय, बनगाड कुपिण्डे नगरपालिका-५ च्युरास्थित त्रिभुवन जनता माध्यमिक विद्यालय, कालीकोटको खाडाँचक्र नगरपालिका-८ को जनप्रभात माध्यमिक विद्यालय शेरावाडा र हुम्लाको चंखेली गाउँपालिका-२ को महादेव माध्यमिक विद्यालयले विद्यार्थीको सहजताका लागि बस सेवा सञ्चालन गरेका हुन् ।




भारतीय ७५ औं गणतन्त्र दिवसका अवसरमा विद्यालयलाई बस उपहार स्वरुपमा पाएका हुन् । भारतीय दुतावासले दिएका उपहारका कारणले दुर्गमका विद्यालय विद्यालय आउन जान अहिले सजिलो भएको छ ।

विद्यार्थीको संख्या बृद्धि गर्न र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहनु भन्नाका लागि विद्यालयले बस सेवा सञ्चालनमा ल्याएको कालीकोट खाँडाचक्र नगरपालिका-८ जनप्रभात माध्यमिक विद्यालय शेरावाडाका प्रधानाध्यापक पदमबहादुर मल्लले बताए ।

'जिल्लाका सबै सामुदायिक विद्यालयमध्ये पहिलो पटक हामीले बस सेवा सञ्चालनमा ल्याएका छौँ', उनले भने, 'विद्यालय भर्ना अभियानका बेला बस सेवा दिन थालेका छौं । शैक्षिक सत्र २०८१ देखि बस सेवा सञ्चालन गर्ने गरेका छौँ ।'

भारतको स्वतन्त्रता दिवस र गणतन्त्र दिवसका अवसरमा स्कुलले बस उपहार पाएको प्रधानाध्यापक मल्लले जानकारी दिए । 'हामीलाई भारत सरकारको सहयोगमा स्कुल बस पाएका छौँ', उनले भने, 'आगामी शैक्षिक सत्रदेखि स्कुलमा अध्ययन गर्ने विद्यार्थीले स्कुल बसबाटै आवातजावत गर्न सजिलो भएको छ ।'

विद्यार्थी बस सेवा लिए वापत केही रकम विद्यालयले लिने गरेको प्रधानाध्यापक मल्लले बताए । 'विद्यालयको अन्य आयस्रोत नहुँदा विद्यार्थीले बस सेवा वापत केही रकम लिने गरेका छौं ।' उनले भने,'केही शुल्क तिर्न नसक्ने विद्यार्थीलाई निःशुल्क सेवा दिने गरेका छौं ।'

**हुम्लामा मासिक २५० मा विद्यार्थी बस चढ्नेछन**

हुम्लाको चंखेली गाउँपालिका-२ को महादेव माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी बस सेवा प्रयोग गरे वापत मासिक २५० रुपैयाँ लिने गरेको छ । भारतीय दूतावासले चंखेली गाउँपालिकालाई सहयोग गरेको बस गाउँपालिकाले उक्त विद्यालयलाई दिएर आइतबारबाट सञ्चालनमा आएपछि विद्यार्थीले पहिलो पटक घरबाट विद्यालयमा बसमा चढ्न पाएका हुन् ।

पहिलो पटक विद्यालयले वडा नम्बर १ को रिमी र बोहरावाडाबाट विद्यार्थीलाई बसले सेवा दिने थालेको गाउँपालिकाका अध्यक्ष प्यारीलाल शाहीले बताए । ' जिल्ला मै पहिलो पटक वस चढेर विद्यालय आउन पाउने विद्यार्थी उक्त विद्यालयका भएका छन्' उनले भने,'अब बस चढेबापत विद्यार्थीले मासिक २५० रुपैयाँ भाडा तिर्नु पर्नेछ । बसको चालकको पारिश्रमिक गाउँपालिकाले ब्यहोर्नेछ ।' अन्य इन्धन, मर्मत खर्च भने विद्यालयले आफ्नो श्रोत र विद्यार्थीबाट उठाएको भाडाबाट ब्यहोरिने छ गाउँपालिकाले जनाएको छ ।

**सल्यानका दुई सामुदायिक विद्यालयमा बस सेवा**

भौगोलिक विकटताले दुर्गममा पर्ने सल्यानका दुई सामुदायिक विद्यालयले विद्यार्थीको सहजताका लागि बस सेवा संचालनमा ल्याएका छन् । देशमै उत्कृष्ठ भएको कुमाख गाउँपालिका-२ रुमालगाउँस्थित नारायण माध्यमिक विद्यालय, बनगाड कुपिण्डे नगरपालिका-५ च्युरास्थित त्रिभुवन जनता माध्यमिक विद्यालयले बस सेवा संचालनमा ल्याएका हुन् ।

त्रिभुवन जनता मावि र नारायण माविलाई भारत सरकारले सहयोग स्वरुप बस उपलब्ध गराएको हो । देशमै उत्कृष्ट विद्यालय भएकाले भारत सरकारले सहयोग स्वरुप उपलब्ध गराएको बस संचालनमा आए लगत्तै झण्डै दुई घण्टा हिँडेर विद्यालय आउन बाध्य भएका विद्यार्थीलाई धेरै राहत हुने कुमाख गाउँपालिका-२ रुमालगाउँस्थित नारायण माध्यमिक विद्यालयका प्रधानाध्यापक देबेन्द्र रावतले बताए ।

'शिक्षकहरुके सक्रियताले विद्यालय उत्कृष्ट भएको र त्यहि कारण भारत सरकारको सहयोगमा बस प्राप्त भएको हो', उनले भने, 'भौगोलिक विकटता र पालिका भित्रका सडक साँगुरो भएकाले सबै वडामा बस पुऱ्याउन त्यत्ति सहज छैन, तर बस पुग्न सक्ने स्थानसम्म लगेर विद्यार्थी ओसारपसार गर्नेछौँ ।'

लामो समय हिडेर विद्यालय आउन बाध्य भएका विद्यार्थीले अबका दिनमा धेरै समय हिडनु नपर्ने उनले बताए । 'भारत सरकारको सहयोगमा विद्यालयले बस पाएपछि शैक्षिक सुधारमा थप टेवा पुग्ने मात्र नभई आर्थिक वर्ष २०८०/०८१ मा ६ सय ९२ विद्यार्थी रहेका विद्यालयमा यस आवमा आठ सय विद्यार्थी पुऱ्याउने लक्ष्य रहेको छ' उनले भने,'यसले विद्यालयलाई झन हौसला प्रदान गरेको छ ।'

पालिकाले खनेका अधिकांश सडक साँघुरा भएकाले तत्कालका लागि विद्यालयले सल्लीबजार र गर्चे दुई स्थानबाट शैक्षिक सत्रको पठनपाठन सुरु भएसँगै बस संचालन गर्ने तयारी गरिएको बनगाड कुपिण्डे नगरपालिका-५ च्युरास्थित त्रिभुवन जनता माध्यमिक विद्यालयका च्युराका प्रधानाध्यापक गुमानसिंह बिष्टले बताए ।

'टाढाबाट हिडेर आउने विद्यार्थीका लागि संचालित बस सेवाले धेरै राहत भएको छ ।' उनले भने,'पालिकाको केही स्थानबाट विद्यार्थीहरु दुई/ढाई घन्टा लामो समय हिडेर हतारहतार गरी विद्यालय आउछन । विहानै घरबाट निस्कनु पर्दा उनीहरुले राम्रोसँग खाना खान पाउँदैनन् ।'

कतिपय त बाटैमा बिरामी पर्ने गरेको र बस संचालनमा आउने बित्तिकै टाढाका विद्यार्थीले अब आधा घन्टा बढी हिड्नु पर्ने बाध्यता हटेको प्रधानाध्यापक विष्टले बताए । 'गत वर्ष एक हजार एक सय ६५ विद्यार्थी रहेको थिए ।' उनले भने,' विद्यालयमा यो वर्ष बस संचालनमा ल्याएपछि बढाएर एक हजार दुई सय पुऱ्याउने लक्ष्य राखिएको छ ।'

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय,
मेहेलकुना सुर्खेत

## ३५ दिने सार्वजनिक सुचना तथा हकदारको नाँउको सूचना

मिति २०८१/०१/२६

भेरीगंगा न.पा.वडा नं.०५ सुर्खेत बस्ने अमर बस्याल र सुक बहादुर सार्कीले मेरो बाबु भिमे सार्कीका नाँउमा जग्गा दर्ता भएको र निजको मिति २०७१/०५/०७ गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको हुदाँ मृतक भिमे सार्कीको नामको जग्गामा हकलाग्ने हकवाला हकदारहरु छोराहरु अमर बस्याल र सुक बहादुर सार्की भएकाले हाम्रो नाँउमा नामसारी गरी पाँउ भन्ने व्यहोराको नामसारीको मिति २०८१/०१/२४ मा निवेदन भएको यस कार्यालयबाट कार्वाही हुँदा यस कार्यालयको मिति २०८१/०१/२६ को आदेश- अनुसार यो ३५ (पैतिस) दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना प्रकाशित गरिएको छ। मृतक भिमे सार्कीको नामको तपशिलको जग्गामा हकलाग्ने हकदारहरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर दावी नगरेमा नियमानुसार निवेदकहरुकै नाममा साझा नामसारी भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मृतक ज.ध.को नामथर |
|---|---|---|---|---|---|---|
| १. | सुर्खेत | लेखपराजुली | ८ज्ञ७ | १४७ | १-०-०-० | ज.ध.:-भिमे सार्की<br>बाबुः-मोहविर सार्की<br>बाजेः-चामे सार्की |

पुनश्चः माथि उल्लेखित ज.ध. मिति २०७१/०५/०७ मृत्यु भएको र मृतकको एकमात्र श्रीमति तुलसी सार्की मिति २०७२ सालमा सुर्खेत जिल्ला भेरीगंगा नगरपालिका वडा नं.०५ बस्ने पन्ते कामीको नाती देउभाने कामीको छोरा विरभान कामी संग दोस्रो विवाह गरी गएको र मृतक भिमे सार्की र तुलसी सार्कीबाट जान्य जन्म भएका छोराहरु जेठो छोरा सुक बहादुर सार्की र कान्छो छोरा अमर बस्याल मात्र भएको अन्य कुनै अंसियार नभएकाले। अंसियारहरु सुक बहादुर सार्की र अमर बस्यालका नाममा माथि उल्लेखित जग्गा नामसारी गरिदिने भनी भेरीगंगा न.पा. वडा नं.०५ बाट वडा सर्जमिन मुचुल्का र सिफारिस प्राप्त ।

## हावाहुरीबाट बचौं र बचाऔं ।

- ✓ घरको संरचना बलियो बनाऔं,
- ✓ हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- ✓ छतको गमला सुरक्षित रुपमा राखौं,
- ✓ जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- ✓ हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- ✓ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- ✓ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- ✓ हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

# हावाहुरीले छानो उडायो, पठनपाठन प्रभावित

**युग संवाददाता**
**दैलेख, २६ वैशाख ।**

मंगलवार राती असिनापानीसँगै आएको हावाहुरीले यहाँको एक विद्यालय भवनको छानो उडाएको छ । जिल्लाको डुङ्गेश्वर गाउँपालिका-२ स्थित जनकल्याण मावी सेर्माकोटको तीन कोठे भवनको छानो उडाएको हो ।

विद्यालयका प्रधानाध्यापक खगेन्द्रबहादुर शाहीका अनुसार तीन कोठे भवनको जस्ता पाताले छाएको छानो उडाएको हो । भवनको छानो हावाहुरीले उडाउँदा पठनपाठन प्रभावित बनेको प्रधानाध्यापक शाहीको भनाई छ ।

'हावाहुरीका कारण क्षतीग्रस्त भवनमा कक्षा ४ र ५ को पठनपाठन हुँदै आएको थियो, एउटा कोठामा दिवा खाजा कार्यक्रम अर्न्तगत प्रयोगमा ल्याईएको थियो,' प्रधानाध्यापक शाहीले भने 'हावाहुरीले छानो उडाउँदा पठनपाठन र दिवा खाजा कार्यक्रम प्रभावित बनेको छ ।' विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई बस्नको लागि कोठाको अभाव हुन पुगेको प्रधानाध्यापक शाहीले बताए । जस्तापाताले छाएको छाना हावाहुरीले उडाउँदा कोठाभित्र राखिएका बेन्च, डेक्सलगाएत अन्य शैक्षिक सामग्रीहरुमा क्षती पुगेको छ ।

विस २०१८ मा स्थापना भएको उक्त विद्यालयका सबैजसो भवनहरु जस्तापाताको छानो भएका पुराना मात्रै छन् । 'विद्यालयमा रहेका अन्य सात वटा भवनहरु २५ देखि ३० वर्ष पुराना छन्, ती भवन जस्तापाताले छाएको छ, पुराना र जस्तापाताले छाएको भवनमा पठनपाठन नै प्रभावित हुने गरेको छ,' प्रधानाध्यापक शाहीले भने । पुराना र जस्तापाताले छाएको भवनमा पठनपाठन गराउनुपर्दा धेरै समस्या हुने गरेको शाहीको भनाई छ । 'जस्तापाताको छानोमा पानी पर्दा गड्याङगुडुङ आवाजले पढाई प्रभावित हुन्छ, हावाहुरी चल्दा छानो नै उडाउने हो की भन्ने डरले पिरोल्छ,' प्रधानाध्यापक शाहीले भने 'विद्यालयका पुराना र जस्तापाताले छाएका भवनहरु बालबालिकाहरुका लागि निकै असुरक्षित छ ।'

उक्त विद्यालयमा ६ कोठे र ४ कोठे गरि दुई वटा मात्रै पक्की भवन छन । ६ कोठे भवनको तीन वटा कोठा कार्यालय सञ्चालनका लागि प्रयोगमा छ। चार कोठे पक्की भवन पनि जीर्ण बन्दै गईरहेको छ । विद्यालयका वर्षौ पुराना र जस्तापाताले छाएका भवनहरु विस्थापित गरि पक्की भवन निर्माणमा कुनै पनी निकायले चासो भने दिएका छैनन् ।

उक्त विद्यालयमा हाल बाल विकास केन्द्रदेखि कक्षा १२ सम्म पढाई हुने गरेको छ । हाल झण्डै ६ सय विद्यार्थीहरु विद्यालयमा अध्ययनरत छन् । भौतिक पूर्वाधारमा कमजोर रहेपनि यो विद्यालय शैक्षिक गुणस्तरका हिसावले जिल्लाकै उत्कृष्ठ मध्येको एक मान्निछ ।

## तेस्रो...

लाख ८४ हजार रुपैयाँ खर्च भएको छ। बैठक भत्तासँगै प्रदेश सभाका सभामुखदेखि सचेतक, समितिका अध्यक्ष, सांसददेखि मन्त्रीको तलबमा मात्रै मासिक लाखौं रकम खर्च हुन्छ। तर कानुन निर्माणदेखि योजना कार्यान्वयनसम्मको अवस्था हेर्दा कर्णाली सरकार निकै कमजोर देखिन्छ । संसदमा विजनेश नै नभएपछि कतिपय सांसदहरुले अधिकांश बैठकमा उपस्थित पनि जनाएनन् । बैठकमा खाली हाजिर लगाउने मात्रै काम हुने, विजनेश र पोलिसीका विषयमा छलफल नहुने गरेपछि अधिकांश सांसदहरु बैठकमै उपस्थित नभएको बताउँछन् ।

कर्णाली प्रदेश सभामा कानून निर्माणका विषयमा थोरै र अन्य विषयमा बढी चर्चा हुने गरेको छ। एकातिर राजनीतिक अस्थिरताका कारण सरकारले विजनेश दिन सक्दैन भने अर्कातिर बैठक बसेपनि त्यहाँ पुगेर हाजिर लगाउने काम मात्र हुने गरेको सत्ता पक्षकै एक सांसद बताउँछन् । यता राजनीतिक विश्लेषक पीताम्बर ढकालले सांसदहरू संसदमा उपस्थित नभई तलब भत्तासहितको अन्य सुविधा पचाउने कुरा शोभनीय नहुने बताए। जनताबाट प्रतिनिधि भएर आएका सांसदहरुले कानून निर्माणमा ध्यान नदिएको भन्दै यस बारे गम्भिर बन्नुपर्ने उनको तर्क छ ।

## सांसदकै...

अधिवेशनका सबै बैठकमा सहभागी भएका छन् ।

त्यस्तै ११ वटै बैठकमा उपस्थित हुने सांसदहरुमा कृष्णकुमार विसी, घनश्याम भण्डारी, पूर्ण बहादुर खत्री, बेदराज सिंह, लक्ष्मी सुनार, वलिमाया बुढा र हिक्मत विष्ट पनि रहेका छन् । त्यस्तै सांसद जुम्कित लामा कार्की, दुर्गबहादुर रावत, मिलन खड्का रोका, रणसिं परियार, विन्दमान विष्ट र कृष्णकुमार जिसी पनि प्रदेश सभाको ११ वटै बैठकमा उपस्थित भएका थिए ।

माओवादी केन्द्रका सांसद महेन्द्र केसी सबैभन्दा कम जम्मा ४ वटा बैठकमा मात्र उपस्थित भएका छन्। उनी अहिले अर्थमन्त्री समेत बनेका छन् । उनी फागुन र चैत महिनाको कुनै पनि बैठकमा उपस्थित भएनन् । कम उपस्थित हुनेमा कांग्रेसका राजीव विक्रम शाह, एमालेका विनोद कुमार शाह पनि छन् । उनीहरू जम्मा ६ वटा बैठकमा मात्रै उपस्थित भएका थिए ।

त्यस्तै कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई बाइडबडी भ्रष्टाचारमा अख्तियारले चैत २२ गते मुद्दा दर्ता गरेपछि उनी त्यस यताका बैठकमा उपस्थित भएका छैनन्। उनी स्वतः निलम्बनमा परेकाले प्रदेश सभा बैठकमा उपस्थित नभएका हुन् । त्यसअघिका सबै बैठकमा उनको सहभागिता छ ।

त्यस्तै कांग्रेसकी सांसद जानकी सिंह, माओवादी संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री राजकुमार शर्मा, राप्रपा सांसद सन्तोषी शाही जम्मा सात वटा बैठकमा उपस्थित भएका छन्। सिंह र शाहीको निर्वाचन क्षेत्र वीरेन्द्रनगर नै भएपनि बैठकमा खासै उपस्थित जनाएनन् ।

एमाले सांसद तुलसा मल्ल आठ वटा बैठकमा उपस्थित छिन्। पाँच जना सांसद नौ बैठकमा हाजिर भएका छन् । जसमा कांग्रेसकी सांसद इन्द्रा कुमारी शाही, नेकपा एकीकृत समाजवादीकी कल्याणी खड्का, माओवादीकी उर्मिला विश्वकर्मा, मंगलबहादुर शाही र भीमप्रकाश शर्मा छन् ।

त्यस्तै १० वटा बैठकमा उपस्थित हुनेमा कांग्रेसका खड्ग पोखरेल, देवेन्द्रबहादुर शाही, विजया बुढा, सुरेश अधिकारी, एमालेकी गमता विक, टेकराज पछाई, दक्षिणा शाही र माओवादीका वीरबहादुर शाही छन् । वैशाख ७ गते मुख्यमन्त्री यामलाल कँडेलले विश्वासको मत लिने दिन कांग्रेस सांसद राजीव विक्रम शाह र जानकी सिंह उपस्थित भएनन् ।

## Invitation for Bids

**Bangad Kupinde Municipality**
**Office of Municipal Executive**
Devasthal, Salyan
Karnali Province, Nepal

**Invitation for Bids for the Procurement Supply Delivery and Installation of Solar Printer and Computer for School.**
**Contract Identification No: BAKUNAPA/SQ/GOODS-30-2080/081**
**Date of publication: :May-09 -2024 (2081/01/27)**

यस वनगाड कुपिण्डे नगरपालिका अन्तर्गतका सामुदायिक बिद्यालयलाई सुचना प्रबिधी सङ्ग जोड्न आबश्यक Computer, Printer, Solar System सिलबन्दी दर भाउ पत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले यस सूचनामा उल्लेखित सेवा शर्तको अधिनमा रही इच्छुक ईजाजत प्राप्त कम्पनीबाट उत्पादित Computer, Printer, Solar बिक्रेता, व्यवसायी, व्यक्ति वा फर्महरूको जानकारीको लागि सिलबन्दी दर भाउ पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

- सिलबन्दी दर भाउ पत्र खरिद/Upload गर्दा निम्न कागजातको Scanned Copy पेश गर्नु पर्नेछ।
  क) फर्म तथा व्यावसाय दर्ता, आयकर दर्ता, मु.अ. कर दर्ता तथा आ.व. २०७९ /८0 को कर चुक्ता प्रमाणपत्र सहितको नविकरण भएको प्रतिलिपी पेश गर्नुपर्नेछ।
- वनगाड कुपिण्डे नगरपालिका नगरकार्यपालिकाको कार्यालय सल्यान बाट , सूचना प्रथम पटक प्रकाशन भएको मितिले फिर्ता नहुने गरी रु. १००० ।- वनगाड कुपिण्डे नगरपालिकाको लक्ष्मी सनराइज बैक लिमिटेड सल्लीबजार, राजस्व खाता नम्बर ०६९०३००००१७ मा जम्मा गरेको भौचर को Scaned कपि www.bolpatra.gov.np/egp मा १६ औ दिनको १२ बजे भित्र मा अपलोड गर्नुपर्नेछ।
  ख) सिलबन्दी दर भाउ पत्र पेश गर्दा वनगाड कुपिण्डे नगरपालिकाको लक्ष्मी सनराइज बैक लिमिटेड सल्लीबजार शाखामा रहेको धरौटी खाता नं .०६९०३०००१६९ मा नगद जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा 75 दिनको म्याद भएको बिडवण्ड को Scaned कपि अपलोड गरेको हुनु पर्नेछ।
- बोलपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिइने छ। कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन।
- सिलबन्दी दर भाउ पत्र गर्ने अन्तिम मिति, समय र स्थान : प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजेसम्म वनगाड कुपिण्डे नगरपालिका, नगरकार्यपालिकाको कार्यालय देवस्थल सल्यान को बिधुतिय खरिद प्रणालि www.bolpatra.gov.np/egp मार्फत बाट मात्र उक्त कार्यहरू गर्न सकिनेछ। सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोहि समयमा उक्त कार्यहरू गर्न सकिनेछ।
- सिलबन्दी दर भाउ पत्र खोलिने मिति, समय र स्थान: प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको दिउसो १:०० बजे वनगाड कुपिण्डे नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सिलबन्दी दर भाउ पत्र खोलिने छ। प्रतिनिधिको अनुपस्थितिमा पनि बो सिलबन्दी दर भाउ पत्र खोल्न बाधा पर्ने छैन
- बोलपत्रदाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कार्बाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसायी सम्बन्धि कसुर सजाय नपाएको भनी लिखित रूपमा गरेको स्वघोषणा पत्र समेत बोलपत्र साथ पेश गर्नु पर्नेछ।
- सिलबन्दी दर भाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ। बोलपत्र मूल्याङ्कन वा स्विकृतीको निर्णय आइटमवाइज वा एकमुष्ट दररेटमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ।
- आपुर्ती गरिने सामानहरु नगरपालिकाले तोकेको बिद्यालय सम्म आपुर्तीकर्ताले ढुवानी जडान गर्नुपर्नेछ।
- एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को व्याक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन।
- सोलार Pannel मा आपुर्तीकर्ताले VAT दाबी गर्न पाइने छैन।
- यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ।
- बोलपत्र सम्बन्धि आवश्यक कुराहरू बुझ्नु परेमा वनगाड कुपिण्डे नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

| सि नं | बोलपत्र सूचना नं | विवरण | अनुमानित रकम रु | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | BAKUNAPA/SQ/GOODS -30-2080/081 | Procurement Supply Delivery and Installation of Solar Printer and Computer for School. | - | 50000 | E-Bid Only |

प्रमुख प्रशासकिय अधिकृत

## किसानलाई गोठालो भत्ता

**युग संवाददाता**
**कालीकोट, २६ वैशाख ।**

जिल्लाको नरहरिनाथ गाउँपालिकाले पशुपालन गर्ने किसानलाई गोठालो भत्ता दिने भएको छ । चालु आर्थिक वर्षको स्वीकृत बजेटअनुसार 'कृषकसँग उपाध्यक्ष कार्यक्रम'बाट पशुपालक किसानलाई गोठालो भत्ताको व्यवस्था गरिएको हो।

पशुपालन बढाउन गाउँपालिकाले किसानलाई गोठालो भत्ताको व्यवस्था गरेको बताउँदै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज पौडेलले पशुपालक किसानलाई मासिक एक हजार प्रदान गरिने जानकारी दिए । गोठालो भत्ता कार्यविधिअनुसार चारवटा भैँसी, ३० वटा बाख्रा र ४० वटाभन्दा बढी भेडा व्यावसायिक रूपमा पाल्ने किसानलाई भत्ता दिइनेछ । युवा तथा बेरोजगारलाई कृषिकर्ममा आकर्षित गर्न कार्यक्रम अघि सारिएको गाउँपालिका प्रवक्ता प्रदीप बोहराले बताए । 'गाउँमा गोठालोलाई हेयका हेरिन्छ', उनले भने, 'यसले गोठालोको सम्मान गर्नेछ ।'

'नरहरिनाथ गाउँपालिका पशुपालनको प्रचुर सम्भावना छ । यहाँ धेरै भैँसी तथा भेडाबाख्रापालक किसान छन्, उनीहरूलाई पशुपालनमा प्रोत्साहन गर्न भत्ताको व्यवस्था गरिएको हो', उनले भने ।

## रारा पुग्ने छोटो सडक स्तरोन्नति सुरु

**युग संवाददाता**
**मुगु, २६ वैशाख ।**

रारा ताल जाने पर्यटकीय सडक विस्तार तथा स्तरोन्नतिको काम सुरु गरिएको छ । सडक डिभिजन कार्यालय जुम्लाको आर्थिक तथा प्राविधिक सहयोगमा छायाँनाथ रारा नगरपालिकाको तली तुम गाउँदेखि वडा नं ३ लामाचौरसम्मको सडक विस्तारको काम थालिएको हो ।

जिल्ला सदरमुकाम गमगढीबाट रारा पुग्न पैदल दुई घण्टा र गाडीमा रारा विमानस्थल हुँदै जाँदा ३० मिनेट लाग्छ । गमगढी लामाचौर दूरी छोटो हुने भएकाले सडक विस्तारको काम सुरु गरिएको सडक डिभिजन कार्यालयका इन्जिनियर वीरबहादुर जिटीले बताए । उनले भने, "रारा तालको पर्यटन विकासमा टेवा पुऱ्याउन यो सडक विस्तार र स्तरोन्नतिको काम अघि बढाइएको हो ।"

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## माल सामान लिलामको मिति सच्याईएको सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८१/०१/१८**
**सूचना नं.१/लिलाम/२०८०/०८१**

यस निर्देशनालयको फलामजन्य सामाग्री, फिलिङ आईटम (धुलो टुक्रा ढुङ्गा टुक्रा इट्टा समेत) , ढुङ्गा, ईट्टा, ए ग्रेड सालकाठ, दाउरा आदि जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ । इच्छुक व्यक्ति वा फर्महरुवाट यो सूचना युगआव्हान राष्टिय दैनिक पत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन भित्र रु.१० को टिकट टाँस गरी निवेदन बुझाउन/ल्याउन लिलाम बढाबढ आह्वान गरिएको छ ।

१. मालसामानको विवरण:

| सि.नं. | मालवस्तुको प्रकार | परिमाण | इकाई | न्युनतम मुल्याङ्कित प्रति इकाई दर रु. मा | कै. |
|---|---|---|---|---|---|
| १ | फलामजन्य सामान (जस्तापाता) | ११०७ | के.जि. | ४० | |
| २ | ढुङ्गा | ५१.४२ | घ.मि. | ७०९.३ | |
| ३ | इट्टा | १०.८ | घ.मि. | ३१७९ | |
| ४ | धुलो टुक्रा ढुङ्गा टुक्रा इट्टा समेत | २१७.६ | घ.मि. | ३५० | |
| ५ | ए ग्रेड साल काठ | ७०६.५ | क्यू.फिट | १००० | |
| ६ | दाउरा | ०.२५ | चट्टा | ८००० | |

२. लिलाम बढाबढ बोलकबोल हुने स्थान, समय र मिति:
   क) स्थान निर्देशनालय
   ख) समय दिउँसो १२ बजे
   ग) २०८१/०२/०७
३. न्युनतम मुल्यबाट नै बढाबढ शुरु हुने छ ।
४. लिलाम सकार गर्न बोलपत्र पेश गर्दा आफुले कबोल गरेको अंकको 10 प्रतिशत धरौटी खातामा जम्मा गरेको भौचर वा बैंक जमानत सहित बोलपत्र पेश गर्नुपर्नेछ ।
५. लिलाम सकार गरेको माल सामान सकारेको 21 दिनभित्र आई लैजानु पर्नेछ ।
६. लिलाम बढाबढ हुने मालसामान हेर्न चाहनेले कार्यालय समयभित्र यस निर्देशनालयमा सम्पर्क गरी हेर्न सक्नेछ ।

## बालमैत्री वातावरण बनाऔं

**बालबालिकालाई:**
- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## जग्गा विक्रीमा रहेको सूचना





परिस्थितिले मान्छेलाई दास बनाउँछ । राम्रो भनेको राम्रै हो । सेन्टरमा ठाउँ पाउँन गार्हो छ र दुर्लभ वस्तुको महत्व वेग्लै हुन्छ । राम्रोलाई सबैले हेर्न मिल्छ तर पाउने र नजर अन्दाज गर्ने भनेको दमदार र अठोटवालाले हो । राम्रोको मुल्य महंगो हुनु स्वभाविक हो । राम्रो मालले मानविय जीवन सुन्दर र आरामदायी बनाउछ ।

सुर्खेतको मुटु, सुर्खेत जुम्ला रोड रत्न राजमार्गसंग जोडीएर रहेको कि.नं १८७३ को ८ मि. मोहोडा ५२ मि . पिछाड मध्य ६ मी. चौंडाई × २५ मी. लम्वाई भएको ठाउँ र आकार मिलेको चार पाँच वर्ष अगाडी १ मि. को मुल्य रू पचास लाख पर्ने, ६ मि. को मुल्य रू. ३ करोडमा किनबेच भई चलिरहेको जग्गा उचित मुल्यमा तुरुन्त बिक्रीमा छ । ईच्छुक महानुभावहरुले मौकाको फाईदा उठाउनु होला ।

**सम्पर्क नंबर**:- ९८६८०९३४००/ ९८०४५५५८९९/९८४८१४२२३२
**स्थान**:- एरीचौक, सुर्खेत हस्पिटल भन्दा करीव ७० मि. अगाडि वाँया साईड ।



## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.–३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००



## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१



## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



## हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८



भवानी छापाखाना DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल | साधारण | टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999


युगआव्हान दैनिकका लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **प्रधान कार्यालय**: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।